# उद्धारको लागि परमेश्वरको योजना

**परिचय**

**१. छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो ।**

लुका ५:३१-३२ तर येशूले तिनीहरुलाई भन्नुभयो, “निरोगीलाई वैद्यको खाँचो पर्दैन रोगीलाई मात्र । म धर्मीहरुलाई हैन, तर पापीहरुलाई पश्चातापको निम्ति बोलाउन आएको हुँ ।”

लुका १८:१९ येशूले तिनलाई भन्नुभयो, “तिमी मलाई किन असल भन्दछौ ? एक परमेश्वर बाहेक कोही असल छैन ।”



**छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो**

**२. हामीले आफ्नो पापद्वारा अनन्तको मृत्यु कमाएका छौं ।**

लुका १६:१५ तब उहाँले तिनीहरुलाई भन्नुभयो, “मानिसहरुका सामुन्ने आफैलाई धर्मी ठहराउने तिमीहरु नै हौ, तर परमेश्वरले तिमीहरुका हृदय जान्नुहुन्छ, किनकी मानिसहरुको बीचमा जे उच्च गनिएको छ, परमेश्वरको दृष्टिमा त्यो तुच्छ ठहरिन्छ ।”

लुका ९:५-६ जहाँ तिमीहरुको स्वागत हुँदैन तिमीहरु त्यस शहरबाट निस्कँदा आफ्नो खुट्टाको धुलो तिनीहरुको विरुद्धमा गवाहीको निम्ति टक्टकाइदेओ । तब तिनीहरु विदा भए, र सुसमाचार प्रचार गर्दै र सबै जग्गा रोगीहरुलाई निको पार्दै गाउँगाउँ गए ।”

**३. येशू क्रुसमा मर्नुभयो र हाम्रो पापको सजाय-मृत्युलाई अंगाल्नुभयो ।**

लुका १८:१३ “तर कर उठाउने चाहिँ टाढै उभिएर स्वर्गतिर आँखा पनि नउठाई यसो भन्दै आफ्नो छाती पिट्यो, हे परमेश्वर म पापीमाथि दया गर्नुहोस् ।”

लुका १९:१० किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो ।

लुका २४:४६ उहाँले तिनीहरुलाई भन्नुभयो, “यसो लेखिएको छ, कि खीष्टले दुःख भोग्नु र तेश्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ ।”



**येशू खीष्ट पापीहरुको लागि मर्नुभयो**

**४. परमेश्वरको अनुग्रह र दयाको कारण, तपाईले केवल विश्वास साथ येशूलाई ग्रहण गर्नमात्र पर्दछ ।**

प्रेरित ४:१२ अरु कसैमा मुक्ति छैन, किनकी हामीले मुक्ति पाउनलाई स्वर्ग मुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।

एफिसी २:८-९ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ-र यो तिमीहरु आफैंबाट होइन, यो त परमेश्वरको वरदान हो-कर्महरुद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ ।

तीतस ३:५ तब हामी आफैले धार्मिकतामा गरेको कामबाट होइन तर उहाँको आफ्नै कृपाअनुसार पुर्नजीवनको स्नानद्वारा र पवित्र आत्माद्वारा भएको नवीकरणबाट उहाँले हामीलाई मुक्ति दिनुभयो ।



**५. यदि तपाईले येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुभयो भने, तपाईको पापहरु क्षमा हुनेछन् ।**

लुका १३:३ म तिमीहरुलाई भन्दछु, त्यसो होइन, तर तिमीहरुले पश्चाताप गरेनौं भने तिमीहरु सबै त्यसरी नै नाश हुनेछौं ।

लुका १८:१७ साँच्चै म तिमीहरुलाई भन्दछु, जसले एउटा बालकले जस्तै परमेश्वरको राज्यलाई ग्रहण गर्दैन, त्यो कुनै रीतिले त्यसभित्र प्रवेश गर्ने छैन ।

रोमी १०:९-१० किनकी यदि तिमीले येशूलाई प्रभु हो भनि आफ्नो मुखले स्वीकार गर्‍यौं, र परमेश्वरले उहाँलाई मरेकाहरुबाट जीवित पार्नुभयो भनि आफ्नो हृदयमा विश्वास गर्‍यौं भने तिम्रो उद्धार हुनेछ । किनकी मानिसले आफ्नो हृदयले विश्वास गर्छ र उ निर्दोष ठहरिन्छ, अनि उसले आफ्नो मुखले स्वीकार गर्छ र उद्धार पाउँछ ।



तपाईको विश्वास र भरोसा येशूमा मात्र राख्नुपर्छ ।

**यदि तपाई येशू खीष्टलाई ग्रहण गर्न चाहुनुहन्छ भने, तपाई यहाँ दिइएको यो प्रार्थना गर्न सक्नुहुन्छ । तर सम्झनुहोस्, यो प्रार्थना वा अरु कुनै प्रार्थनाले तपाईलाई बचाउन सक्दैन । खीष्टमा पूर्ण भरोसा गरेर मात्र पापबाट छुट्कारा पाइन्छ । यो प्रार्थना परमेश्वरलाई तपाईले उहाँमा गर्नुभएको विश्वास र तपाईलाई क्षमादान दिनु भएको लागि उहालाई धन्यवाद चढाउने एक साधारण अभिव्यक्ति मात्र हो ।**

**परमेश्वर पिता, मैले तपाईको विरुद्धमा पाप गरेको छु र दण्ड भोग्न योग्यको छु । तर मेरो पापको सजाय येशू खीष्टले क्रुसमा लिनुभयो ताकि उहाँमा विश्वास गरेर मलाई क्षमा भएको छ । म आफ्नो पापबाट फर्केर मेरो मुक्तिको लागि तपाईमा भरोसा गर्दछु । तपाईको महान् अनुग्रह तथा पाप क्षमाको लागि धन्यवाद दिदछु । आमेन ।**

**Translated by Pastor Devaraj Bhandari**

**Amazing Grace Publishing ⁕100 Lakeview Court ⁕ Joshua TX 76058 ⁕ 817-426-1828 * E-Mail JamesAV@aol.com**